# बुङ्गल नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## खिरातडी,बझाङ
## सुदुरपश्चिम प्रदेश,नेपाल

**प.नं. : ०८०।०८१**

**च.नं. :** **मिति : २०८०।११।०४**

### रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(तेस्रो पटक प्रकाशित मिति:२०८०।११।०४ गते)

प्रस्तुत विषयमा यस बुङ्गल नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न पुन: यो सूचना प्रकाशन गरिएको छ ।

| क्र स | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८०।०८१ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण प्रत्र तह वा सो सरह उत्तीर्ण गरेको

ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिमलिएको

२.**दरखास्त दिने स्थान**:- बुङ्गल नगरपालिकाको कार्यालय खिरातडी, बझाङ

३.**दरखास्त दिने अन्तिम मिति**:-२०८०।११।१८ गते सम्म ४.**आवेदनको दस्तुर**:-रु ५००/-(पाँच सय मात्र)

५.**छनौटको किसिम**:- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६.**आवेदन साथ संलग्न कागजातहरु**:- आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
- तालिमको प्रमाण पत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

७.**सेवा सुविधा तथा अन्य** :-स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धि मापदण्ड, २०७८ को दफा (१३) र (१४)बमोजिम हुनेछ ।

८.आवेदनको ढाँचार रोजगार सहायक पदको पाठ्यक्रम लगाएत पदपुर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.npतथा स्थानीय तहको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

माधव प्रसाद जोशी
नि प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-६

(नियम ७(२) सँग सम्बन्धित)

रोजगार संयोजकको पाठ्यक्रम

(क) सेवा सम्बन्धी

खण्ड-१:- प्रशासनिक कार्य सम्बन्धी    पूर्णाङ्क-५०    समयः १ घण्टा

१. नेपालको संविधानको भाग-५ मौलिक हक सम्वन्धी व्यवस्था

२. नेपालको संविधानको अनुसूची-५, ६, ७, ८ र ९

३. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

६. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण तथा गुनासो व्यवस्थापन

७. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा गुनासो व्यवस्थापन

८. आचरण तथा अनुशासन

९. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु

१०. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जनाका र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास र चुनौतीहरु

११. रोजगारी सिर्जनामा सरकार, निजीक्षेत्र, गैर सरकारी संस्था, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरु बीचको सहकार्य, साझेदारी र समन्वय

१२. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृया

१३. स्थानीय विकास तथा सेवा प्रवाह प्रकृयामा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व

(ख) कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा पूर्णाङ्क: २० समय: ३० मिनेट

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Power Point Presentation system
7. Internet Browsing & Website Management.